राक्सिराङ्ग गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चैनपुर, मकवानपुर

## *औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना*

***प्रथम पटक प्रकाशित मिति २०७५।११।०७***

यस गाउँपालिकालाई आवश्यक तपसिल बमोजिम औषधि तथा सर्जिकल सामान खरिद कार्य सम्पादन गर्नुपर्ने भएकाले नेपाल सरकारबाट सो सम्बन्धी कार्यका लागि इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुबाट उल्लेखित कागजात संलग्न राखी तपसिलको शर्त अनुसार रु. १० को टिकट साथ रीतपुर्वक निवेदन पेश गरी देहाय बमाजिम फाराम खरिद गर्न सकिनेछ । सो सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस गाउँपालिकामा सम्पर्क राख्नु हुन साथै यस कार्यालयको स्वास्थ्य संयोजकको सेल नं. ९८४४१८७४८४ तथा भण्डार शाखाको सेल नं. ९८४५०६६८४५ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल**

| **सूचना नं.** | **खरिद सम्बन्धी विवरण** | **खरिद विधि** | **फारम दस्तूर** | **दरभाउपत्र जमानत रकम** | **फारम खरिद गर्न सकिने अन्तिम मिति** | **पेश गर्ने अन्तिम मिति** | **खोलिने मिति र समय** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १२/०७५-७६ | औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धी | सिलवन्दी दरभाउपत्र | रु. १०००/- | २०,०००।- (बीस हजार) | २०७५/११/२१ अपरान्ह ४:०० बजे भित्र | २०७५/११/२२ मध्यान्ह १२:०० बजे भित्र | २०७५/११/२२ अपरान्ह २:०० बजे | |

**शर्तहरुः**

१. सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनसम्ममा यस गाउँपालिकाको कार्यालय चैनपुरबाट रु. १००० (एक हजार) नगदै (पछि फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ वा सोही रकम बराबरको राजश्व रकम सिटिजन्स बैंक, मनहरीमा रहेको यस गाउँपालिकाको सञ्चित कोष खाता नं. ०६२००००२९ CA मा बुझाएको रसिद बुझाई सिलवन्दी दरभाउत्र पत्र फारम लिन सकिनेछ ।

२. सिलवन्दी दरभाउपत्र फारम खरिद गर्न औषधि व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) लिएको र मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको दर्ता प्रमाणपत्र आ.व. ०७४।७५ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी, नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपीहरु संलग्न राखि रु. १०।- को टिकट टाँसी निवेदन पेश गर्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १६(सोह्रौं) दिन दिउँसो १२:०० बजेसम्ममा यस गाउँपालिका कार्यालयमा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएको सिलवन्दी दरभाउपत्रहरु सोही दिन अपरान्ह १४:०० बजे सम्बन्धित दरभाउपत्रदाताको प्रतिनिधिको रोहवरमा (उपस्थित नभएपनि) खोलिनेछ ।

४. सिलवन्दी दरभाउपत्र फाराममा दरभाउ दर्ता गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समयअनुसार नै हुनेछ ।

५. सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने निम्न लिखित कागजातहरु नोटरी पब्लिकद्वारा प्रमाणित गराई दरभाउपत्र साथ (सिलवन्दी खाम भित्रै) पेश गर्नुपर्नेछ ।
   क) औषधि फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाण पत्र (नवीकरण सहित),
   ख) मू.अ.कर र स्थायी लेखा दर्ता नम्वर (प्यान) को प्रमाण पत्र,
   ग) आ.व. २०७४/७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र,
   घ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २(ङ) सँग सम्बन्धीत घोषणापत्र,

६. सिलवन्दी दरभाउपत्र जमानत यस गाउँपालिकाको नाममा सिटिजन्स बैक, मनहरीमा रहेको धरौटी कोष खाता नं. ०६२००००२८CA कार्यालय कोड नं. ०७-८०१-०९ मा जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको नेपालस्थित कुनै वाणिज्य बैंकहरुबाट यस गाउँपालिका कार्यालयलको नाममा सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिनको मान्य अवधि भएको बैंक ग्यारेन्टी समावेश हुनुपर्नेछ ।

७. सिलवन्दी दरउभाउपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभागमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस गाँउपालिकामा सुरक्षित रहेको छ ।

९. यस सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य सम्बन्धित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**